नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

मिति : २०७६।१२।१५

## सार्वजनिक अपिल

COVID-19 ले विश्वव्यापी महामारीको रुप लिइरहेको र नेपाल समेत उच्च जोखिम मुलुकको रुपमा रहेको वर्तमान परिवेशमा नेपाल सरकारको तर्फबाट यसको रोकथाम, नियन्त्रण, परिक्षण, उपचार लगायतको कार्यमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सुरुदेखि नै क्रियाशील रहिरहेको छ । COVID-19 को पहिचान, परिक्षण र उपचार गर्न औषधी, प्रयोगशाला सामाग्री र पी.पी.ई. लगायतका सामानहरु खरिद गर्न स्वास्थ्य सेवा विभागबाट स्वदेश भित्रैका उत्पादक/वितरकलाई सार्वजनिक सूचना प्रकाशित गरी पटक पटक टेण्डर आह्वान गर्दा समेत कुनै पनि उत्पादक, वितरकबाट टेण्डर पेश नभएकोले विभागले पुनः उत्पादक/वितरकहरुसँग सामूहिक रुपमा सार्वजनिक सम्वाद गरि छिटो छरितो रुपमा सामाग्री ल्याउने गरि सम्झौता भई उक्त सामाग्रीहरु नेपाल आउने क्रममा रहेको छ । यस विषयमा सामाजिक सञ्जाल र केही सञ्चार माध्यमहरुले भ्रामक, कपोकल्पित र समाजमा नकारात्मक प्रभाव फैलाउने समाचार प्रकाशन गरेकोमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । यस्तो विषम परिस्थितिमा प्रचलित कानूनको अधिनमा रही छिटो, छरितो र प्रतिस्पर्धी विधिबाट खरिद गरेको यथार्थलाई लुकाई आफुखुशी समाचार र स्टाटसहरु प्रकाशित/पोष्ट भइरहेको परिप्रेक्षमा दिनरात नभनी अहोरात्र खटिइरहने चिकित्साकर्मीहरुको मनोबल हतोत्साहित हुने र समाजलाई भय सृजना हुने हुँदा यस्ता नकारात्मक र भ्रामक प्रचार सामाग्री प्रकाशित नगर्न र यथार्थ सामाग्रीहरु मात्र प्रचार/प्रसार गर्न सबैमा अनुरोध छ । संसारभरी नै रोकथामका उपायहरु खोजी भइरहेको हालको अवस्थामा यसमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी र संलग्न कर्मचारीहरुको मनोबल उच्च बनाउन र आम जनताहरुलाई समेत सुसूचित गराउन सही र सत्य समाचार मात्र प्रकाशन गरिदिन हुन यस मन्त्रालय हार्दिक अनुरोध गर्दै समस्त सञ्चार माध्यमहरुबाट सहयोग र सहकार्यको अपेक्षा समेत गर्दछ ।

डा. विकास देवकोटा
(प्रवक्ता)